NJ: NUTA

# ‘रमन क्रिस्तान भयो ?’ कथामा संसक्ति व्यवस्था

**टीकाराम नेपाल**[1]
[1]नेपाली विभाग, विश्वशान्ति चिरन-मिलन क्याम्पस, त्रिभुवन विश्वविद्यालय काठमाडौँ
Corresponding email: pranisnepal@gmail.com
DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53856

## लेखसार

प्रस्तुत लेख सङ्कथन विश्लेषणअन्तर्गत संसक्ति व्यवस्थामा केन्द्रित छ । अमेरिकाली भाषा वैज्ञानिक जेलिग ह्यारिसले सर्वप्रथम सङ्कथनलाई भाषा विज्ञानका क्षेत्रमा प्रयोग गरेको पाइन्छ । संसक्ति व्यवस्था सङ्कथन विश्लेषणको महत्त्वपूर्ण आधार हो । रमन क्रिस्तान भयो ? कथा प्रदीप नेपालले लेखेका हुन् । धर्म परिवर्तनले पनि जातीय छुवाछुतको संस्कारलाई रोक्न नसकेको विषयवस्तु रहेको यस कथामा मानव धर्म नै सर्वोपरि हुने भाव व्यक्त गरिएको छ । प्रस्तुत लेखमा यस कथालाई संसक्ति व्यवस्थाका दृष्टिले अध्ययन गरिएको छ । यहाँ व्याकरणिक संसक्तिभित्र सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजनलाई लिइएको छ भने कोशीय संसक्तिमा पुनरावृत्ति, समानार्थकता/पर्यायता, विपरीतार्थकता, समावेशी-समावेश्य र अनेकार्थीलाई विश्लेषणको आधार मानिएको छ । उपर्युक्त आधारबाट विश्लेषण गर्दा संसक्ति व्यवस्थाका दृष्टिले प्रस्तुत कथा सशक्त र प्रभावकारी रहेको निष्कर्ष यस लेखमा निकालिएको छ ।

*शब्दकुञ्जी :* सङ्कथन, पश्चसन्दर्भक, प्रतिस्थापन, संसक्ति, सन्दर्भन,

## विषय परिचय

प्रस्तुत लेखको शीर्षक ‘रमन क्रिस्तान भयो ? कथामा संसक्ति व्यवस्था’ रहेको छ । रमन क्रिस्तान भयो ? कथाका कथाकार प्रदीप नेपाल (२०१०) हुन् । *विश्वासिलो घेराभित्र* (२०२७) कथाबाट कथायात्रा आरम्भ गरेका नेपालका *सुर्जेमानको बाल्यकाल* (२०४०), *किशोर सुर्जेमान* (२०४१), *सुर्जेमानको जेलयात्रा* (२०४३), *बेचिएका चेलीहरू* (२०४७), *परोपकार यात्रा* (२०५०), *धरहराको सहर* (२०६२), *बाघमारेको लालसलाम* (२०६४), *फेवाको सुस्केरा* (२०६७) र *एक हजार वर्ष र अरू कथाहरू* (२०६८) कथा सङ्ग्रह प्रकाशित छन् । रमन क्रिस्तान भयो ? कथामा छुवाछुत जस्तो सामाजिक विभेदले रमनको बालमनोविज्ञानमा पारेको प्रभावलाई देखाइएको छ । धर्म परिवर्तन गर्दा पनि आफूलाई कथित दलितकै रूपमा समाजले देखेकाले रमन स्वयम् त्यस किसिमको मनोविज्ञानबाट माथि उठ्न सक्दैन । दलित हुँदा अछुत भएको रमन धर्म परिवर्तन गर्दा साथीसङ्गीबाट टाढिन पुगेको छ । सरले आफ्नै परिवारको सदस्य झैँ व्यवहार गरी आत्मीय ठान्दा ऊ सरप्रति कृतज्ञ देखिन्छ । सर र उनको परिवारका माध्यमबाट कथामा मानवीय धर्म नै सर्वोपरि हुने कुरा अभिव्यक्त गरिएको छ ।

भाषाको वाक्यभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ । सङ्कथनलाई भाषाविज्ञानका क्षेत्रमा सर्वप्रथम अमेरिकाली भाषावैज्ञानिक जेलिङ ह्यारिसले परिचित गराएको पाइन्छ । सङ्कथन विश्लेषणमा यसका एकाइहरूलाई

केलाउन संसक्तिनामक युक्तिलाई आधार बनाइन्छ । यस्तो युक्तिले पाठभित्रका एकाइहरूलाई सुसङ्गठित, एकीकृत र अन्वितिपूर्ण बनाउने कार्य गरेको हुन्छ । सङ्कथन विश्लेषणअन्तर्गतको संसक्तिनामक युक्तिका आधारमा 'मन क्रिस्तान भयो ?' कथाको विश्लेषण गर्नु मुख्य समस्या रहेको प्रस्तुत लेखको उद्देश्य सैद्धान्तिक आधारमा यस कथाको संसक्ति विश्लेषण गर्ने रहेको छ । बिन्दु शर्माद्वारा सम्पादित *समसामयिक प्रगतिवादी नेपाली कथा* नामक पुस्तकमा यस कथाका बारेमा सामान्य समीक्षा गरिएको भए तापनि संसक्तिका आधारमा विश्लेषण गरिएको छैन । त्यस्तै भरतकुमार भट्टराईको वाङ्मयमा प्रकाशित 'सङ्कथन संरचना र संसक्ति व्यवस्था' शीर्षक लेखमा संसक्ति व्यवस्थाको विशद चर्चा गरिएको भए तापनि यस कृतिलाई उदाहरणका रूपमा लिइएको पाइँदैन । संसक्तिनामक युक्तिका आधारमा कथाको विश्लेषणबारे जान्न चाहने जोसुकैका लागि प्रस्तुत लेख उपयोगी हुने भएकाले यो औचित्यपूर्ण रहेको छ । संसक्ति विश्लेषणका सन्दर्भमा प्रस्तुत लेखमा मूलतः व्याकरणिक संसक्ति र कोशीय संसक्तिअन्तर्गतका युक्तिहरूलाई आत्मसात् गरिएको छ ।

## अध्ययन विधि

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन विधि र सैद्धान्तिक पर्याधारलाई निम्नानुसार चिनाइएको छ :

## सामग्री सङ्कलन विधि

प्रस्तुत लेखमा सामग्री सङ्कलनको पुस्तकालयीय पद्धतिलाई अङ्गीकार गरिएको छ । यस सन्दर्भमा प्रदीप नेपालको 'रमन क्रिस्तान भयो ?' कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणअन्तर्गतको संसक्तिनामक युक्तिलाई लिइएको छ । संसक्ति भनेको के हो ? भन्ने कुरा यसको सैद्धान्तिक जानकारी दिने कृतिबाट लिइएको छ भने त्यसको पुष्टि रमन क्रिस्तान भयो ? कथाबाट गरिएकाले यहाँ मूलत : निगमनात्मक विधिको र आवश्यकताअनुसार आगमनात्मक विधिको पनि उपयोग गरिएको छ। गुणात्मक पक्षको विश्लेषण गर्ने यो लेख पाठ विश्लेषण पद्धतिमा नै आधारित छ ।

## सैद्धान्तिक पर्याधार

सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ । यसमा कथ्य, लेख्य तथा साङ्केतिक भाषामा भएका अभिव्यक्तिको अध्ययन हुन्छ (गौतम, २०७६, पृ.५७१) । कथ्य सङ्कथन खास सामाजिक परिवेशका कथन घटनासँग सम्बन्धित हुने भएकाले वक्ता र श्रोताका कथन परिवेशबाट सङ्कलन गरिने हुन्छन् । यसमा हाउभाउ, मुखमुद्रा आदि भाषेतर पक्षको अझ बढी महत्त्व हुन्छ । लेख्य सङ्कथनहरू कथ्य सङ्कथनहरूका तुलनामा भाषिक सामग्रीमा बढी निर्भर हुन्छन् (अधिकारी, २०७४, पृ.२६८) । सङ्कथन विश्लेषणको एउटा महत्त्वपूर्ण पक्ष पाठ विश्लेषण हो । व्यवस्थापरक भाषावैज्ञानिक पद्धतिका रूपमा रहेको पाठ विश्लेषण मूलतः ह्यालिडेले प्रयोग गरेका हुन् (गौतम, २०७६, पृ.५७२) । सङ्कथन विश्लेषणका लागि यसका एकाइहरूलाई केलाएर देखाउन संसक्ति नामक युक्तिलाई आधार बनाइन्छ (भट्टराई, २०७१, पृ.५०) । संसक्ति कुनै पनि पाठभित्र हुने अन्तःसम्बन्ध हो र यो अनुच्छेदभित्रका वाक्यहरूमा भाव प्रवाह सिर्जना गर्ने विशिष्ट ढाँचा हो । यसले पाठभित्रका एकाइहरूलाई सुगठित बनाउँछ (गौतम, २०७६, पृ. ५७५-७६) । व्याकरणिक संसक्तिगत युक्ति र कोशीय संसक्तिगत युक्तिको अध्ययन पाठभित्रको आर्थी सम्बन्धको निर्क्योलका लागि गरिन्छ जुन सङ्कथन विश्लेषणको केन्द्रीय विषय पनि हो (गौतम, २०७६, पृ.५७६) । अतः व्याकरणिक र कोशीय गरी दुई प्रकारका संसक्ति नै पाठलाई संसक्त गर्ने प्रमुख युक्तिहरू रहेको देख्न सकिन्छ ।

व्याकरणिक संसक्ति सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन गरी चार किसिमका हुन्छन् (भट्टराई, २०७१, पृ.५१) । समालोचक देवी गौतमले व्याकरणिक संसक्तिअन्तर्गत यी चारबाहेक सार्वनामीकरण नामक युक्तलाई समेत उल्लेख गरेको पाइन्छ (गौतम, २०७६, पृ.५७६)। व्याकरणिक प्रक्रियाका माध्यमबाट पाठभित्रका सन्दर्भहरूलाई आपसमा अन्वित गराउने युक्तिहरू नै व्याकरणिक संसक्ति हुन् । सन्दर्भन भनेको पाठभित्र आएका व्यक्ति, स्थान, काल आदिलाई जनाउने प्रक्रिया हो । पाठका एकाइहरूमा अर्थलाई सघन बनाएर अभिव्यक्त गर्न सर्वनाम पद र सर्वनामबाट बनेका क्रियाविशेषण आदि पदहरू रहेका हुन्छन् । यिनीहरू निदर्शन/सन्दर्भन कोटिमा आउँदा पाठभित्रका र पाठ बाहिरका सन्दर्भ बुझाउँछन् । पाठभित्रकै सन्दर्भ जनाउन आउँदा यिनीहरू अन्तःसन्दर्भसूचक र पाठ बाहिरको सन्दर्भ जनाउन आउँदा बाह्य सन्दर्भसूचकका नामले चिनिन्छन् (भट्टराई, २०७१, पृ.५१-५२) । अग्रसन्दर्भक र पश्चसन्दर्भक गरी सन्दर्भकका पनि दुई प्रकार रहेको बुझ्न सकिन्छ । अगाडिको सन्दर्भ बुझाउने पदकोटि (सार्वनामिक) लाई अग्रसन्दर्भक र पछाडिको सन्दर्भ बुझाउने पदकोटि (सार्वनामिक) लाई पश्चसन्दर्भक भनिन्छ । सङ्कथनमा पहिले नै प्रस्तुत भइसकेको भाषिक सन्दर्भको सट्टा त्यसैसँग मिल्दो अर्को कुनै विशिष्ट भाषिक एकाइको प्रयोग हुनुलाई प्रतिस्थापन भनिन्छ (पौडेल र पोखेल, २०७१, पृ.२३) । पाठमा उल्लेख नभएका कतिपय कुराहरू सन्दर्भले पूर्वानुमान गर्न सक्ने खालका भएमा लोप हुन्छन् । यस्ता कुराहरू पाठमा उल्लेख नभए पनि बोद्धाले कार्य-कारण तथा अन्य सन्दर्भले पुनर्निर्माण गरेर बुझ्नसक्छ (अधिकारी, २०७४, पृ.२७३) । भाषिक संरचनालाई परस्पर अन्वय गरी विचारलाई शृङ्खलित बनाउने काम संयोजनले गर्छ । यिनले पाठका दुई वा सोभन्दा बढी एकाइलाई जोडेर प्रसङ्ग र घटनाको सम्बद्धता कायम गर्छन् (पौडेल र पोखेल, २०७१, पृ.२३) । यसमा सामान्य संयोजनबाहेक वियोजन, वैपरीत्य आदि बुझाउने पदावलीसमेत रहने गर्दछन् ।

कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, समानार्थकता, विपरीतार्थकता, अधिकार्थकता र अत्यधिकार्थकता पर्ने उल्लेख पाइन्छ (भट्टराई, २०७१, पृ.५१) । ह्यालिडे र हसन ( सन् १९७६ र १९९१) ले कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायता, विपरीतता, समावेशी-समावेश्य, अङ्गी-अङ्ग र साहचर्य/सन्निधान पर्ने बताएको पाइन्छ (सापकोटा, २०७७, पृ.३८) । केही समालोचकले यसअन्तर्गत पुनरावृत्ति, विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र समावेशी रहने उल्लेख गरेका छन् (पौडेल र पोखेल, २०७१, पृ.२४-२६) । उही पद वा पदावलीको पटक पटक हुने आवृत्तिलाई पुनरावृत्ति भनिन्छ । पाठमा उस्तै अर्थ द्योतन गर्न आउने भिन्न भिन्न शब्दलाई पर्यायवाची वा समानार्थकताका रूपमा  बुझ्न सकिन्छ । पाठमा रहेका शब्दको विपरीत वा उल्टो अर्थ बुझाउने शब्दलाई विपरीतार्थक भनिन्छ । कुनै दुई भिन्नाभिन्नै शब्दमध्ये एउटाभित्र अर्काको समेत अर्थ समावेश हुनसक्ने क्षमता भएका शब्द समावेशी हुन् । समावेशी शब्दमा समावेश हुने अन्य शब्दहरू चाहिँ समावेश्य हुन् । त्यस्तै पाठमा प्रयुक्त भाषिक शब्दले एकभन्दा बढी अर्थ बुझाएमा अनेकार्थी अर्थ सम्बन्धक बन्न पुग्छ ।

प्रस्तुत लेखमा सङ्कथन विश्लेषणअन्तर्गतको संसक्ति नामक युक्तिका आधारमा प्रदीप नेपालको 'रमन क्रिस्तान भयो ?' शीर्षकको कथाको विश्लेषण गरिएको छ । यस अध्ययनमा व्याकरणिक संसक्तिभित्र सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजनलाई लिइएको छ भने कोशीय संसक्तिमा पुनरावृत्ति, समानार्थकता/पर्यायता, विपरीतार्थकता, समावेशी-समावेश्य र अनेकार्थीलाई विश्लेषणको आधार मानिएको छ ।

### 'रमन क्रिस्तान भयो ?' कथामा प्रयुक्त संसक्ति

'रमन क्रिस्तान भयो ?' कथामा संसक्तिको सघन प्रयोग देखिन्छ । यो कृति विषयकेन्द्री सिद्धान्तका आधारमा जति विश्लेषण गर्न योग्य छ रूपसौन्दर्यगत भाषिक पक्षबाट पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ । यो कथा डिमाइ आकारको पुस्तकमा सात पृष्ठ फैलिएको मझौला आकारको छ ।

कथा आख्यान भएकाले यो आफैमा पूर्ण सङ्कथन हो । यो आफैमा अन्वितिपूर्ण रहेको हुन्छ । कथाभित्र सङ्कथनलाई एकीकृत र अन्वितिपूर्ण बनाउन भाषिक तत्त्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषिक एकाइहरूको सबल र उपयुक्त मेलमिलापबाट नै वक्ताको आशय यहाँ युक्तिपूर्ण रूपमा प्रकट हुन्छ । संसक्ति व्यवस्थाको अध्ययनमा व्याकरणात्मक र कोशीय संसक्तिलाई मुख्य आधार मानी अध्ययन गरिन्छ । व्याकरणात्मक संसक्तिले पाठका एकाइका बिचमा बन्द व्यवस्थामा उपस्थित भई पाठलाई संसक्त बनाउँछ भने कोशीय संसक्तिले चाहिँ पाठको खुला व्यवस्थामा आई पाठलाई संसक्त बनाउँछ । यही व्याकरणात्मक र कोशीय संसक्तिका आधारमा यहाँ **रमन क्रिस्तान भयो ?** कथाको संसक्ति व्यवस्थालाई अध्ययन गरिएको छ । संवादात्मक शैलीको कथा भएकाले यस कथाको अनुच्छेद त्यसै किसिमको छ । यस अध्ययनका लागि प्रस्तुत कथाका केही साक्ष्यहरूलाई लिइएको छ ।

## व्याकरणिक संसक्ति

पाठभित्रका सन्दर्भ बुझाउने एकाइहरू (वाक्य, अनुच्छेद, परिच्छेद आदि) लाई अर्थको एकत्वमा बाँध्ने वा संसक्त गर्ने व्याकरणिक प्रक्रियालाई व्याकरणिक संसक्तिका रूपमा चिनिन्छ (भट्टराई, २०७१, पृ.५१)। यसअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन पर्दछन् । 'रमन क्रिस्तान भयो ?' कथामा यी चारैप्रकारका व्याकरणिक संसक्तिको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त व्याकरणिक संसक्ति र तिनले कथा निर्माणमा खेलेको भूमिकाको अध्ययनका लागि प्रस्तुत कथाका केही साक्ष्यहरूलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

## सन्दर्भन संसक्ति

सङ्कथनमा प्रस्तुत विषय, घटना, स्थान, समय र सहभागीलाई जनाउन सन्दर्भनको प्रयोग गरिएको हुन्छ । यसका पुरुषवाचक, दर्शकवाचक र तुलनात्मक गरी तीन प्रकार हुन्छन् । यिनीहरू पाठमा बाह्यसन्दर्भ, अन्तःसन्दर्भ (पूर्व वा पश्च सन्दर्भ) का रूपमा आई व्यक्ति, वस्तु वा विषयलाई सन्दर्भित गर्ने कार्य गर्दछन् । यस कथामा कथाकारको दृष्टिविन्दु प्रथम पुरुष रहेकाले सन्दर्भनको प्रयोग पनि सोही अनुरूप रहेको देखिन्छ । कथामा रहेका सन्दर्भनका केही साक्ष्यहरूलाई निम्नानुसार देखाइएको छ :

(क) *उस*ले सधैँ 'गुड आफ्टरनुन' भन्थ्यो, *म* सधैँ 'नमस्ते' भन्थेँ (पृ.१७१)।

(ख) *तिमी* जुन धर्मको भए पनि, जुन जातको भए पनि पहिले *तिमी* मानिस हौं । *हामी* सबै मानिस हौं ।

(ग) *त्यता*का थुप्रै थरहरू मेरा लागि अपरिचित र अपत्यारिला थिए ।(पृ.१७३)

(घ) *ती* सप्पै तिमीलाई *आफू*जस्तै लाग्ने छन् । (पृ.१७५)

(ङ) तर मेरो घरमा *कोही अछुत* हुँदैन । *तिमी* मेरा विद्यार्थी हौ । (पृ.१७५)

माथिको कथांश (क) मा आएको सर्वनाम 'उस' अन्तःसन्दर्भसूचक र 'म' बाह्य सन्दर्भ सूचकका रूपमा कार्य गरी पाठलाई संसक्त बनाउने कार्य गरेका छन् । कथांश (ख) मा रहेको पुरुषवाचक 'तिमी' र 'हामी' ले पाठमा पहिला नै आएको 'रमन' र 'कथाकारको परिवार'लाई जनाएको अन्तःसन्दर्भ सूचकअन्तर्गत अग्रसन्दर्भकको कार्य गरेका छन् । साक्ष्य (ग) मा प्रयुक्त 'त्यता' ले पाठमा पहिला नै आएको 'सुदूर पश्चिमतिर' भन्ने पदावलीलाई बुझाएकाले यो अग्रसन्दर्भकको उदाहरण बन्न पुगेको छ । साक्ष्य (घ) मा रहेको दर्शकवाचक 'ती' सर्वनामले पाठमा पहिला नै प्रयुक्त 'म्याम, छोरो, छोरी'लाई सूचित गरेकाले अग्रसन्दर्भक बन्न पुगेको छ । साक्ष्य (ङ) मा रहेको 'कोही' र 'तिमी' क्रमशः 'सबै मानिस' र 'रमन'लाई बुझाएकाले यी शब्द अग्र सन्दर्भक बनेका छन् । यहाँ प्रयुक्त सार्वनामीकरण प्रक्रियाले पद, पदावलीको अनावश्यक पुनरुक्तिलाई रोक्ने कार्य गरेको देखिन्छ ।

**प्रतिस्थापन संसक्ति**

सङ्कथनमा प्रयुक्त पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदलाई स्थानापन्न गराउन आउने विशेष शब्द वा पदावलीलाई प्रतिस्थापन भनिन्छ । पाठलाई संसक्त बनाउने प्रस्तुत कथामा यस्ता साक्ष्य प्रशस्त पाइन्छन् । यहाँ केही साक्ष्यलाई निम्नानुसार देखाइएको छ :

(क) ऊ आँगनमै उभिइरह्यो । मैले घरको बरन्डातिर लाग्दै भनेँ, "रमन आऊ । किन *त्यहाँ* उभिरा ?" (पृ.१७५)
(ख) मैले म्यामको अनुहारतिर हेरेँ । *त्यो* धपधपी बलिरहेको थियो । (पृ.१७७)
(ग) "मान्दिनँ । जातपात भनेको मान्छेले मान्छेलाई थिचेर छ्यान्द्रो बनाउन खोपेको खोपिल्टो हो मेरा लागि ।" *मेरो कुरो* अझै रमनले बुझेन । (पृ.१४७)

माथिको पहिलो साक्ष्यमा रहेको 'त्यहाँ' पदले 'आँगन' लाई प्रतिस्थापन गरेको छ । साक्ष्य (ख) मा रहेको 'त्यो' पदले 'म्यामको अनुहार' पदावलीलाई प्रतिस्थापन गरेको छ । त्यस्तै साक्ष्य (ग) मा रहेको 'मेरो कुरो' भन्ने पदावलीले "मान्दिनँ ....मेरा लागि" भन्ने वाक्यहरूकै प्रतिस्थापन गरेको छ । कथालाई रसिलो, कसिलो र संसक्त बनाउन प्रतिस्थापनको पक्ष सशक्त देखिन्छ । यस्ता प्रतिस्थापन पाठका घटना, पात्र, परिवेश तथा अन्य सन्दर्भलाई पुनरुक्तिबाट रोक्न सक्षम देखिन्छन् ।

**संयोजन संसक्ति**

संयोजकका माध्यमले वाक्यहरू बिचका सकारात्मक र नकारात्मक, अनुकूल र प्रतिकूल, सहबोधक र विपरीतबोधक आदि पाठगत अर्थको अन्तर्सम्बन्ध स्थापित गर्ने प्रक्रियालाई संयोजन भनिन्छ (भट्टराई, २०७१, पृ.५४) । यस्ता अन्तर्सम्बन्धहरू विकल्पवाचक, विरोधवाचक, कारणवाचक, परिणामवाचक, रीतिवाचक, सङ्केतवाचक आदि हुन्छन् । **रमन क्रिस्तान भयो ?** कथामा संयोजन प्रक्रिया सशक्त देखिन्छ, जसलाई केही साक्ष्यमार्फत् यसरी देखाइएको छ :

(क) त्यसपछि तिमी अर्को कुनै धर्ममा जान सक्छौ *अथवा* हामी जसरी नै मानवधर्मतिर लागेर नास्तिक पनि बन्न सक्छौ । (पृ.१७६)
(ख) शुक्रबार मेरो कुनै कक्षा हुँदैनथ्यो स्कुलमा *तर* तलब थाप्न चाहिँ म शुक्रबार नै जाने गर्थें । (पृ.१७३)
(ग) विद्यार्थीका लागि नभई नहुने शैक्षिक सामग्री किनिदिन्छन् भन्ने जानकारी थियो तिनलाई । *किनभने* त्यो स्कुल काठमाडौँको धनीमण्डल क्षेत्र होइन, गरिबमण्डल क्षेत्रमा उभिएको थियो । (पृ.१७२)
(घ) म नौ र दसका विद्यार्थीलाई मात्र पढाउँथेँ । *त्यसैले* उसको बारेमा मैले खासै कुनै जानकारी लिएको थिइनँ । (पृ.१७१)
(ङ) *जसरी* अर्को कुनै सरलाई हिन्दुधर्म मन पर्छ, *त्यसै गरी* मलाई नास्तिकता मन पर्छ । (पृ.१७४)
(च) सर घरै फर्किने हो *भने* म पनि सरको पछि पछि लाग्न पाउँछु कि ! (पृ.१७३)

माथिको साक्ष्य (क) मा विकल्पवाचक संयोजन (अथवा) को प्रयोग भएको छ । यस साक्ष्यमा म पात्रले रमनलाई अन्य कुनै धर्ममा जानसक्ने अथवा मानव धर्ममा लागेर नास्तिक बन्नसक्ने कुराबिच वैकल्पिक सम्बन्ध कायम गर्न 'अथवा' संयोजनमार्फत् संसक्त तुल्याएको पाइन्छ । साक्ष्य (ख) मा म पात्रको शुक्रबार कक्षा नहुने र तलब थाप्न त्यही दिन जाने जस्ता उपवाक्यका बिच विरोधी सम्बन्ध कायम गरी संसक्त तुल्याउने कार्य 'तर' संयोजनले गरेको छ । साक्ष्य (ग) मा (अभिभावकहरूले) विद्यार्थीहरूलाई नभई नहुने सामग्री मात्र किनिदिने कार्यको कारणका रूपमा त्यो स्थान गरिबवर्गको बसोबास रहेको जनाइएको छ । यहाँ कार्य (नभई नहुने सामग्री

मात्र किनिदिने) कारण (गरिबी) सम्बन्धलाई 'किनभने' कारणवाचक संयोजनले संसक्त गरेको छ । साक्ष्य (घ) मा म पात्रले नौ र दसका विद्यार्थीलाई मात्र पढाउनुको कारण स्वरूप तीबाहेकका कक्षामा पढ्ने विद्यार्थीलाई नचिन्ने कार्य (परिणाम) भएको छ । यहाँ कारण र कार्य जनाउने वाक्यहरूका बिच संसक्त तुल्याउन परिणामवाचक संयोजन (त्यसैले) को प्रयोग भएको छ। साक्ष्य (ङ) मा म पात्रलाई नास्तिकता मन पर्नुको रीति (तरिका) बुझाउन 'अर्को कुनै सरलाई हिन्दु धर्म मन पर्छ' भन्ने वाक्य आएको छ । यी वाक्यहरूलाई रीतिवाचक संयोजन (जसरी-त्यसै गरी) ले संसक्त गरेको देखिन्छ । साक्ष्य (च) मा सर घर फर्किने हुँदा म (रमन) पनि सरको पछि लाग्न पाउने आशा व्यक्त भएको छ । यहाँ पहिलो उपवाक्य (कारण) ले दोस्रो उपवाक्य (कार्य) को सङ्केत गर्न 'भने' संयोजनको सहयोग लिएको छ ।

### लोप संसक्ति

कुनै पनि पाठभित्रका भाषिक पद, पदावली, वाक्यांशलाई अर्थमा क्षति नपुग्ने गरी प्रक्रिया लोप हो । यसले समानस्तरका भाषिक एकाइलाई पुनरुक्तिबाट बचाउँछ । पाठकले लोप भएका स्थानलाई अध्याहार वा पूर्वानुमानबाट बुझ्नुपर्ने हुन्छ । **रमन क्रिस्तान भयो ?** कथामा लोप संसक्तिको प्रशस्त प्रयोग देखिन्छ । यसका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

(क) तिनीहरू अन्तका विद्यार्थीभन्दा थोरथोरै सही ø (लोप : खालका थिए), ø (लोप : तिनीहरू अन्तका विद्यार्थीभन्दा थोरथोरै) सामाजिक खालका थिए, ø (लोप : तिनीहरू अन्तका विद्यार्थीभन्दा थोरथोरै) मर्यादित खालका थिए । (पृ.१७२)

(ख) ø (लोप : रमन छुवाछुतको) संस्कारले होला घरभित्र पस्न अप्ठ्यारो मानिरहेका छन् । (पृ.: १७५)

(ग) मेरो घर छेउमै ø (लोप : तिमी पुगेका छौ) ? त्यता तिम्रो कोही आफन्त छन् ? (पृ.: १७३)

माथिका साक्ष्यमध्ये (क) मा क्रमशः 'खालका थिए', 'तिनीहरू अन्तका विद्यार्थीभन्दा थोरथोरै' र 'गाउँमा' पदावलीहरू र पदको लोप भएको छ । साक्ष्य (ख) मा 'रमन छुवाछुतको' पदावली लोप भएको छ । त्यस्तै साक्ष्य (ग) मा 'तिमी पुगेका छौ' भन्ने उपवाक्यको लोप भएको पाइन्छ । कथामा यस्ता लोप/विलोपका प्रशस्त उदाहरण देख्न सकिन्छ ।

### कोशीय संसक्ति

पाठमा प्रयुक्त कोशीय वा शाब्दिक एकाइद्वारा सृजित संसक्ति नै कोशीय संसक्ति हो । यसलाई शब्दहरूका माध्यमबाट पाठको अर्थ वा सूचनालाई संसक्त बनाउने प्रक्रियाका रूपमा चिनिन्छ। यस्ता संसक्तिले अनुच्छेदभित्रका आर्थी सम्बन्धलाई कसिलो तुल्याएका हुन्छन्। कोशीय संसक्तिका पुनरावृत्ति, समानार्थकता/पर्यायता, विपरीतार्थकता, समावेशी-समावेश्य र अनेकार्थीनामक प्रकारहरूका आधारमा यहाँ **रमन क्रिस्तान भयो ?** कथाको विश्लेषण गरिएको छ ।

### पुनरावृत्ति

उही पद वा पदावलीको पटकपटकको आवृत्तिलाई पुनरावृत्ति भनिन्छ । विषयप्रतिको केन्द्रीयता, अर्थमाथि जोड, आर्थी केन्द्रको सिर्जना, अर्थगत घनत्वको सिर्जना जस्ता प्रकार्य गर्न पाठभित्र पद पदावलीको पुनरावृत्ति गरिन्छ (भट्टराई, २०७१, पृ.५६)। पाठभित्रको अर्थगत सम्बन्धलाई पुनरावृत्तिले संसक्त तुल्याउँदछ। रमन क्रिस्तान भयो ? कथामा पुनरावृत्ति संसक्तिको प्रशस्त प्रयोग देख्न सकिन्छ, जसका केही साक्ष्य तल उल्लेख गरिएको छ :

(क) सबैले रमन भन्थे, म पनि उसलाई रमन भन्थेँ । (पृ.१७१)

(ख) भाइबहिनी हो, तिमीहरू नराम्रो मान्दैनौ भने आज म तिमीहरूसँग चिनजान गर्न चाहन्छु । हामीले एकअर्कालाई राम्ररी चिनेका छैनौँ नि होइन ? तिमीहरूलाई चिनजान गर्नु राम्रो हो....। (पृ.१७२)

(ग) मेरो कुनै धर्म छैन, त्यसैले मेरो कुनै जात पनि छैन । जात र धर्म दुवै नभएकाले मभित्र कसैप्रति द्रोह पनि छैन ।

माथिको साक्ष्य (क) मा 'रमन' को पुनरावृत्ति भएको छ । त्यस्तै साक्ष्य (ख) मा 'तिमीहरू' र 'चिनजान' को पुनरावृत्ति भएको छ । साक्ष्य (ग) मा 'धर्म' र 'जात' को पुनरावृत्ति भएको छ । कथामा यस्ता पुनरावृत्तिले अनुच्छेदलाई कसिलो गरी संसक्त गरेको पाइन्छ ।

**समानार्थकता**

समान अर्थ बुझाउने शब्दहरूलाई समानार्थक/पर्यायवाची शब्द भनिन्छ । एउटै शब्दको पुनरावृत्तिलाई रोकी पाठमा मिठासतासमेत ल्याउने यस्ता संसक्तिले पाठभित्रका अर्थलाई प्रभावकारी रूपले सम्बद्ध गरिरहेको हुन्छ । 'रमन क्रिस्तान भयो ?' कथामा यस किसिमको संसक्तिको प्रयोग प्रशस्त देख्न सकिन्छ । यसका केही साक्ष्यलाई तल उल्लेख गरिएको छ :

(क) म सबै धर्मलाई उस्तै देख्छु, कुन मान्छे कुन धर्मको हो भन्ने कुराले मेरा लागि कुनै अर्थ राख्दैन । मेरा लागि सबै धर्म बराबर हुन् नमान्नका लागि, अनि सबै मानव बराबर हुन् सम्मान गर्नका लागि । (पृ.१७४)

(ख) धर्म परिवर्तन गर्नुअघि तिम्रो थर कथित दलित जातिभित्र पर्थ्यो ? ... तर मेरो घरमा कोही अछुत हुँदैन । (पृ.१७५)

(ग) अनुहारमा मायालु मुस्कान पोतेर उनले भनिन्, "यस्तो कुरो पनि सोध्नुपर्छ र ?" हामी सबै जना सँगसँगै हाँस्यौँ । म्यामले त्यही हाँसोमा यो ठट्टा पनि थपिन् । (पृ.१७७)

माथिको साक्ष्य (क) मा 'उस्तै' र 'बराबर' अनि 'मान्छे' र 'मानव' समानार्थक संसक्तिका रूपमा आएका छन् । साक्ष्य (ख) मा 'दलित' र 'अछुत' समानार्थक पदको प्रयोग भएको छ । साक्ष्य (ग) मा 'मुस्कान', 'हाँसो', 'ठट्टा' समानार्थकका रूपमा आएका छन् । यसरी यस कथामा समानार्थक संसक्तिमार्फत् अनुच्छेदका अर्थलाई कसिलो गरी सम्बद्ध गरेको देखिन्छ ।

**विपरीतार्थकता**

कुनै शब्दको विपरीत वा उल्टो अर्थ बुझाउने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ । यस्ता शब्दका माध्यमबाट पाठलाई संसक्ति बनाउने कार्य विपरीतार्थकता हो । यस्तो संसक्तिले अनुच्छेद वा पाठको अर्थगत सम्बन्धलाई बलियो बनाउने गर्छ । 'रमन क्रिस्तान भयो ?' कथामा यस किसिमको संसक्तिको सामान्य प्रयोग देखिन्छ । पाठका केही साक्ष्यलाई तल उल्लेख गरिएको छ :

(क) म खस्रोमसिनो भाकामै "नमस्ते ! सन्चै छौ " भन्थेँ ।

(ख) उसले भन्यो, "के म सरलाई अरू आधा घण्टा दुःख दिन सक्छु ?" "आऊ तिमी मेरो विद्यार्थी हौ"

(ग) बुबाआमा जनकपुरमा बस्नुहुन्छ ।

(घ) म्याम हजुरलाई दिदी भन्न सक्छु ।.... अब सरलाई भिनाजु भन्ने हो ?

माथिको साक्ष्य (क) मा 'खस्रो' र 'मसिनो' विपरीतार्थक शब्दको प्रयोग भएको छ । साक्ष्य (ख) मा 'सर' र ' विद्यार्थी' जस्ता विपरीतार्थकता देख्न सकिन्छ । साक्ष्य (ग) मा 'बुबा' र 'आमा' जस्ता विपरीतार्थक शब्दले पाठलाई संसक्त तुल्याएको पाइन्छ । साक्ष्य (घ) मा 'दिदी' र 'भिनाजु' जस्ता शब्दले अनुच्छेदलाई संसक्त गरी कसिलो बनाएको देखिन्छ । अतः यस कथामा विपरीतार्थकताको स्थितिले पाठको संसक्ति व्यवस्थामा महत्त्वपूर्ण भूमिका खेलेको बुझिन्छ ।

**समावेशी - समावेश्य**

विभिन्न अर्थलाई आफूभित्र समावेश गर्न सक्ने छाता शब्दलाई समावेशी भनिन्छ । यस्तो शब्दले अनेक शब्दहरूले दिने अर्थलाई आफू एक्लैले अभिव्यक्त गर्दछ । समावेश्य वा समावेशित शब्दले चाहिँ समावेशी शब्दअन्तर्गत समेटिने विभिन्न कोशीय एकाइलाई जनाउँछ । 'रमन क्रिस्तान भयो ?' कथामा समावेशी- समावेश्य शब्दहरूको प्रयोगको स्थिति पाउन सकिन्छ ।

यसका केही साक्ष्य यसरी प्रस्तुत गरिएको छ :

(क) जसरी तिमीलाई इसाई धर्म मन पर्छ, जसरी अर्को विद्यार्थीलाई बुद्धधर्म मन पर्छ, जसरी अर्को कुनै सरलाई हिन्दु धर्म मन पर्छ, त्यसै गरी मलाई नास्तिकता मन पर्छ ।(पृ.१७४)

(ख) बुबाआमा जनकपुरमा बस्नुहुन्छ । स्याम र म उस्तै छौँ । तिमी हाम्रो परिवारसँग रमाउने छौ ।...मेरो एउटा छोरो छ पाँचमा पढ्ने । सानी छोरी तीन कक्षामा पढ्छे । (पृ.१७५)

(ग) मैले आंशिक अध्यापन गर्ने स्कुलमा कक्षा नौको विद्यार्थी थियो ऊ । ....हामी शिक्षकहरूले यस्तो निष्कर्ष निकालेका थियौँ...। (पृ.१७१)

यहाँका साक्ष्यहरूमध्ये पहिलो साक्ष्यमा आएको 'धर्म' समावेशी शब्द हो, जसभित्र इसाई, बुद्ध, हिन्दु जस्ता समावेश्य शब्दहरूको अर्थ एकसाथ समेटिएको पाइन्छ । साक्ष्य (ख) मा रहेको 'परिवार' पनि समावेशी शब्द हो, जसभित्र बुबाआमा, स्याम, म, छोरो, छोरी जस्ता शब्दहरूको अर्थ समावेशित छ । साक्ष्य (ग) मा पनि 'स्कुल' (समावेशी) शब्दभित्र विद्यार्थी, अध्यापक, शिक्षक, कक्षा शब्दको अर्थ समेटिएको पाइन्छ । अत : प्रस्तुत कथामा समावेशी-समावेश्यताको प्रयोग बलियो देखिन्छ ।

**अनेकार्थी**

पाठमा प्रयुक्त भाषिक एकाइले एकभन्दा बढी अर्थ बुझाएमा अनेकार्थी अर्थसम्बन्ध रहन्छ । अनेकार्थी शब्दहरूले पाठलाई भाषिक रूपमा संसक्त बनाउन सहयोग पुऱ्याउने गर्दछन् । यस्ता अनेकार्थी शब्दहरूको अर्थगत पहिचान प्रयोक्ता र बोद्धाको आशय र सन्दर्भले निरूपित गर्दछ । 'रमन क्रिस्तान भयो ?' कथामा केही कस्ता शब्दहरूको प्रयोगको स्थिति देख्न सकिन्छ, जसलाई तलका साक्ष्यद्वारा प्रस्तुत गरिएको छ :

(क) तिनीहरू अन्तका विद्यार्थीभन्दा थोरथोरै सही, सामाजिक खालका थिए, मर्यादित खालका थिए । (पृ.१७२)
(ख) धरानको बासिन्दा हुँदा यसको उद्गम त्यतैको पहाडको कुनै गाउँतिर हुनुपर्छ । (पृ.१७३)
(ग) म भए पनि नभए पनि हाम्रो परिवारमा मिसिन तिमीले रत्तिभर अप्ठ्यारो नमान्नू । (पृ.१७६)

माथिका साक्ष्यलाई विश्लेषण गर्दा साक्ष्य (क) मा 'खाल' शब्द अनेकार्थी (प्रकार, जुवा खेल्ने ठाउँ) रहेको छ । प्रयोक्ताको सन्दर्भले त्यसको अर्थ प्रकार वा किसिम भन्ने अर्थसम्बन्धलाई बुझाएको छ । त्यस्तै साक्ष्य (ख) मा 'धरान' अनेकार्थी शब्द (चिर्ने काठ अड्याउने टाँड, ठाउँको नाम) को प्रयोग भए पनि प्रयोक्ताको सन्दर्भबाट

ठाउँको नाम बुझाएको छ । त्यस्तै साक्ष्य (ग) मा रहेको 'मिसिन' शब्द अनेकार्थी (यन्त्र, घुल्न/समायोजन हुन) शब्द रहे तापनि समायोजनको अर्थलाई प्रयोग सन्दर्भले बुझाएको छ । यसरी अनेकार्थी शब्दहरूले यस कथालाई भाषिक रूपले संसक्त बनाउन सहयोग गरेको बुझ्न सकिन्छ ।

## निष्कर्ष

सङ्कथन विश्लेषणका लागि यसका एकाइहरूलाई केलाउने युक्तिका रूपमा संसक्तिलाई लिइन्छ । सङ्कथनभित्रका अनुच्छेदहरूलाई सङ्गठित, एकीकृत र अन्वितिपूर्ण बनाउने तत्त्व नै वास्तवमा संसक्ति हुन् । व्याकरणिक र कोशीय गरी दुई प्रकारका संसक्ति हुन्छन् । सन्दर्भन, प्रतिस्थापन, लोप, संयोजन व्याकरणिक संसक्तिका प्रकार हुन् भने पुनरावृत्ति, समानार्थकता/पर्यायता, विपरीतार्थकता, समावेशी-समावेश्य, अनेकार्थीजस्ता कोशीय संसक्तिका प्रकार हुन् । प्रदीप नेपालले लेखेको 'रमन क्रिस्तान भयो ?' कथामा व्याकरणिक संसक्तिका चारओटै प्रकारको सघन प्रयोग देखिन्छ । यसका चारओटै प्रकारको कथामा सशक्त प्रयोग देखिन्छ । कोशीय संसक्तिलाई हेर्दा पुनरावृत्तिको अवस्था सघन छ भने पर्यायवाची र समावेशी युक्तिको प्रयोग मध्यम किसिमको देखिन्छ । कथामा कोशीय संसक्तिका विपरीतार्थी र अनेकार्थी जस्ता प्रकारको प्रयोग कम मात्रामा पाइन्छ । समग्रमा प्रस्तुत कथा संसक्ति व्यवस्थाका दृष्टिबाट ज्यादै सशक्त र प्रभावकारी देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०७४). *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (छै.सं.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद (२०७६). 'सङ्कथन विश्लेषण'. *रत्न बृहत् नेपाली समालोचना,* भाग १ (सैद्धान्तिक खण्ड) दो.सं. (संम्पा. राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम) काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ. ५७०-५९१ ।

नेपाल, प्रदीप (२०७४). 'रमन क्रिस्तान भयो ?' *समसामयिक प्रगतिवादी नेपाली कथा.* (सम्पा. बिन्दु शर्मा). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, भुवन (२०७९), 'पाठनिर्माणका युक्ति', *रत्न बृहत् नेपाली समालोचना भाग ३,* (दो.सं.) (सम्पा. प्रा. राजेन्द्र सुवेदी र डा. लक्ष्मणप्रसाद गौतम) काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ. ६३५-६५१ ।

पौडेल, माधवप्रसाद र गोकुल पोखेल (२०७१). *सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग.* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, भरतकुमार (२०७१). 'सङ्कथन संरचना र संसक्ति व्यवस्था'. *वाङ्मय,* काठमाडौँ : नेपाली केन्द्रीय विभाग, पूर्णाङ्क १५, पृ.४७-५६ ।

शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग* (दो.सं.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

सापकोटा, दामोदर (२०७७). *'बसाइँ' उपन्यासको सङ्कथन विश्लेषण.* अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।